नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला समन्वय समितिको कार्यालय

## रुपन्देही

## नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा ओसार पसार गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७४।१०।२१

जिल्ला समन्वय समितिको मिति ०७४।१०।१५ गते बसेको बैठकको निर्णयानुसार तपसिलमा उल्लेखित नाकाहरुबाट नदीजन्य पदार्थ उत्खनन गरी विक्री गर्ने ठेक्का बन्दोवस्त गर्न यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल कानुन बमोजिम दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार/फर्मले बोलपत्र फाराम (फिर्ता नहुने गरी) खरिद गरी तपसिलको शर्तका आधारमा आफूले लिन चाहेको ठेक्का र कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्वारा छुट्टाछुट्टै ठेक्का नम्बर उल्लेख गरी सिलबन्दी बोलपत्र दिनु पर्नेछ । यसरी बोलपत्र दिंदा धरौटी वापत तपसिलमा उल्लेखित गरेको न्यूनतम अंक अनिवार्य पेश गर्नु पर्ने छ र ठेकेदारले आफूले बुझाउन बढी कबुल गरेमो कबुल अंकको ५%का दरले हुने धरौटी वापतको रकम यस जिल्ला समन्वय समितिको कार्यालयको नाममा कृषि विकास बैंक लिमिटेड भैरहवामा रहेको धरौटी ०४१४६०११४५१३६०११ खातामा जम्मा गरी सोको सक्कल भौचर वा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५३ उपनियम २ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (बिड बण्ड) बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सही छाप भएको सिलबन्दी बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी आएको र रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । यस कार्यालयको छाप नभएको र कार्यालयको आधिकारीक पदाधिकारीबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिईने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाण पत्र समेत लिई ठेक्का अंकको प्रथम किस्ता वापत ५०% ले हुने रकम, अग्रिम आय कर र बाँकी ५०% ले हुने रकम बराबर नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ०७५ साल श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेन्टी ( परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । मु.अ.कर र अग्रीम आय कर समायेजन भैसेको भनी आन्तरिक राजश्व कार्यालयको फुकुवापत्र पेश गरेपछि मात्र धरौटी फिर्ता वा बैंक ग्यारेन्टी फुकुवा गरिने छ । तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी जफत हुनेछ । बोलपत्र दाखिला गर्न अगावै सम्बन्धीत बोलपत्र दाताले उत्खनन् गर्न तोकिएको स्थान निरीक्षण गरेर मात्र बोलपत्र दाखिला गर्नु पर्नेछ । पछी परिमाणमा कमी आएको भनी कुनै किसीमको दावी गर्न पाईने छैन । बोलपत्र खोलिने समयमा बोलपत्रदाता स्वयम् वा आफ्नो प्रतिनिधि उपस्थित हुनु पर्नेछ र बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोल्न सकिने छ । ठेक्का सम्बन्धी विस्तृत जानकारी बोलपत्र फाराममा उल्लेख गरिने छ साथै अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।

तपशिल

| आय ठे.न. | नदी तथा घाटको नाम | संकलन गरि बिक्री वितरण गर्नु पर्ने नदीजन्य पदार्थको परिमाण घन फुटमा | जिससलाई बुझाउनु पर्ने प्रति घ.फु. रु ५ ले हुने रकम रु | १५ प्रतिशत ओभरहेड वापत थप गरी कायम गरिएको न्यूनतम बोल अंक रु | न्यूनतम धरौटी रकम रु | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १/०७४/७५ | तिनाउ बेतकुईयाघाट | ८,७७,४८५.५७ | ४३,८७,४२७.८६ | ५०,४५,५४२.०३ | २,५२,२७७.१० | ३०००।०० |
| २/०७४/७५ | तिनाउ लम्तीहवाघाट | २९,७५,६९१.६० | १,४८,७८,४५८. | १,७१,१०,२२६.७० | ८,५५,५११.३४ | ३०००।०० |
| ३/०७४/७५ | तिनाउ अर्दौलीघाट | १२,३६,२१७.५५ | ६१,८१,०८७७५ | ७१,०८,२५०.९१ | ३,५५,४१२.५५ | ३०००।०० |
| ४/०७४/७५ | दानव, कर्साघाट | १५,६१,५६१.६० | ७८,०७,८०७.९८ | ८९,७८,९७९.१८ | ४,४८,९४८.९६ | ३०००।०० |
| ५/०७४/७५ | इगुरिया नदी शंकरपुरक्षेत्र | ३,८५,९८७.१९ | १९,२९,९३५.९५ | २२,१९,४२६.३४ | १,१०,९७१.३२ | ३०००।०० |
| ६/०७४/७५ | सुकौरा गणेशनगर | ११,४८,०११.२० | ५७,४०,०५६. | ६६,०१,०६४.०४ | ३,३०,०५३.२२ | ३०००।०० |
| ७/०७४/७५ | तिनाउ, बुद्धनगर | ६४,४८,६९०.४३ | ३,२२,४३,४५२.१६ | ३,७०,७९,९६९.९९ | १८,५३,९९८.५० | ५०००।०० |

१. बोलपत्र विक्री हुने अन्तिम मिति, समयः सूचना प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयसम्म ।
२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति,समयःसूचना प्रकाशित भएको मितिले ३१औं दिनको १२:०० बजे सम्म ।
३. बोलपत्र विक्री गर्ने स्थानः जिससको कार्यालय रुपन्देही, जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।
४. बोलपत्र दाखिला गर्ने स्थानः जिससको कार्यालय रुपन्देही ।
५. बोलपत्र खोलिने स्थान, मिति, समयः जिल्ला समन्वय समितिको कार्यालय रुपन्देहीमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउंसो २:०० बजे ।

- यो सूचनामा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।
- बोलपत्र फाराममा उल्लेख भएका **EIA/IEE** लगायतका सम्पूर्ण शर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्ने छ । **EIA/IEE** लगायतका शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ ।
- नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।
- मिति २०७५ साल जेष्ठ १४ गते सम्म मात्र उत्खनन् एवं विक्री वितारण गर्न पाउने छ ।
- बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा परेमा सोको भोलीपल्ट सोही समयमा हुनेछ ।
- Pre Bid बैठक सूचना प्रकाशित मितिले १५औं दिन दिनको २.०० बजे जि.स.स.को कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदातहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन विदा परेमा सोको भोली पल्ट सोही समयमा हुनेछ ।
- जानकारीको लागि यस कार्यालयको वेभ साईड **rupandehi.ddc@gmail.com** मा हेर्न वा पढ्न सकिने छ ।

**उपरोक्त ठेक्कामा निम्न बमोजिमका ठेक्का शर्तहरु कायम गरिएकोले उक्त शर्तहरु पालना गर्नु पर्नेछ ।**

१. प्रचलित नेपाल कानुन बमोजिम मू.अ.करमा दर्ता भै प्रमाणपत्र लिएका ठेकेदार फर्महरुले टेण्डर खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्नु पर्नेछ ।

२. बोलपत्रदाताले उपर्युक्त ठेक्काहरु छुट्टाछुट्टै खरिद गरि छुट्टा छुट्टै कबोल अंक उल्लेख गरि बोलपत्र पेश गर्नु पर्नेछ । न्यूनतम ठेक अंक भन्दा घटी कबोल गरि टेण्डर पेश गर्न पाईने छैन । बोलपत्रमा लेखिएका अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । ठेकेदारबाट कुनै शर्त राखिएको र रित नपुगेको बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ।

३. उपरोक्त न्यूनकतम अंकमा मूल्य अभिबृद्धि कर तथा अग्रिम आयकर समावेश नभएकोले ठेकेदारले रोयल्टी असुल गर्दा तोकिए बमोजिमको मुल्य अभिबृद्धि कर समेत असुल गर्नुपर्ने छ ।

४. मिति २०७५ साल जेष्ठ १४ गते सम्म मात्र उत्खनन् एवं विक्री वितारण गर्न पाउने छ ।

५. सबै ठेक्काको सम्बन्धीत ठेकेदारहरुले ठेक अङ्कको ५०% ले हुने रकम, सोको मु.अ.कर वापतको रकम र १.५% ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ट ठेक्का सम्झौताका बखत जम्मा गर्नु पर्नेछ र बांकी दोश्रो किस्ता वापतको ५०% ले हुने रकम ०७५ साल बैशाख १५ गते भित्र बुझाउनु पर्ने छ । ठेक्का सम्झौताका वखत बुझाउन बाँकी ५०% रकम र सोको मु.अ.कर बराबरको बैंक ग्यारेन्टी (नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बाणिज्य बैंकको) मात्र २०७५ श्रावण मसान्त सम्म म्याद भएको फरफरमेन्स बण्ड) पेश गर्नु पर्ने छ ।

६. धरौटी वापतको रकम मु.अ.कर र अग्रीम आयकर समायोजन भैसकेको भनी आन्तरिक राजश्व कार्यालयको धरौटी फुकुवा पत्र पेश गरेपछि मात्र धरौटी फुकुवा या बैंक ग्यारेन्टी फुकुवा गरिने छ ।

७. जि.स.स. र ठेकेदार विच ठेक्का संचालन सम्बन्धी विवाद परि वा अन्य कुनै कारणबाट जि.वि.स.लाई तिर्नु पर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिने छ ।

८. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा जि.स.स.को तर्फ बाट ठेक्का तोडी बिक्री आदेश रोक्का गरी बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिने छ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ ।

९. कुनै हडताल, बन्द, नाकाबन्दी, चक्काजाम, स्थानीय विवाद वा यस्तै अन्य कारणबाट बस्तु निकासी नभएको वा अन्य कुनै कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावा गर्न पाईने छैन ।

१०. ठेक्का लिने ठेकेदारले दररेट सहितको सूचना बोर्ड सम्बन्धित स्थलमा राख्नु पर्नेछ ।

११. बालुवा, छर्री, ढुङ्गा, मिस्कट ढुवानी गर्दा २७५ घ.फि. भन्दा बढी ढुवानी गर्न पाईने छैन ।

१२. ठेक्का कबुल गर्ने ठेकेदारले जि.स.स.ले तोकेको दर बमोजिम नदीजन्य पदार्थ बिक्री गर्दा जारी गर्ने विजकको सिलसिलेवार नम्बर उल्लेख भएका रसिदहरु आफ्नो तर्फबाट तीन प्रतिका दरले छपाई ती रसीदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । कार्यालयबाट प्रमाणित नगरेको रसिदबाट कर उठाएको उजुरी वा जानकारी प्राप्त हुन आएमा नियमानुसार कारवाही गरिनेछ । यसरी ठेकेदारले कर दस्तुर असुल गरेको रसिदको विवरण प्रत्येक ७ दिनमा यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

१३. नदीजन्यवस्तु संकलन तथा ढुवानी कार्यमा स्थानीयवासीहरुलाई प्राथमिकता दिई कार्य गराउनु पर्नेछ ।

१४. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै वातावरण प्रभाव मुल्यांकन **EIA/IEE** सम्बन्धी तल उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

१५. नदीजन्य पदार्थ निकासी गर्ने बाटोको सामान्य मर्मतको व्यवस्था ठेकेदार स्वयं गर्नु पर्नेछ । खर्चको दावा गर्न पाइने छैन ।

१६. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

१७. नेपाल सरकार र जि.स.स.ले समय समयमा दिएका निर्देशन पालना गर्नु पर्नेछ ।

१८. ठेकेदार र जि.स.स कार्यालय विच ठेक्का शर्त वा ठेक्का संचालन सम्बन्धी अन्य विषयमा कुनै विवाद उठेमा जि.स.स.सको निर्णय अन्तिम हुनेछ, यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

१९. यस जि.स.स.मा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

२०. ठेक्का सूचना, कबुलियतनामा र पट्टापत्रमा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा जि.स.स.को निर्णय र नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

२१. उल्लेखित उल्लेखित कार्यको ठेक्कामा तोकिएको घाटबाट बिक्री वितरणका लागि एकमुस्ट बिक्री आदेश लिई ठेकेदारले असुल गर्न पाउने नदीजन्य पदार्थको स्वीकृत दररेट प्रति घ.फू. रु. ५।७५ (मू.अ.कर बाहेक) हुने छ ।

२२. निर्धारित ठेक्का कायम रहँदै वा ठेक्का अवधि समाप्त हुने वित्तिकै निर्धारित स्थल भन्दा बाहिर वा तोकिएको परिमाण भन्दा बढी उत्खनन् वा संकलन गरे नगरेके कुरा प्रँविधिकबाट अन्तिम कार्य सम्पन्न नापजाँच (**Post measurent**) गर्ने प्रबन्ध गर्नु पर्नेछ ।

२३. सूचनामा उल्लेख गरिएको निर्धारित स्थल भन्दा अन्यत्र वा तोकीएको स्थलमा निर्धारित परिमाण भन्दा बढी उत्खनन गरेको अन्तीम नापजाचँबाट पाईएमा सो बढी परिमाणको निर्धारित जिल्ला दररेट बमोजिमको मूल्य कायम गरी थप हर्जाना बापत निजको धरौटीबाट र धरौटीबाट नपुग भएमा कानुन बमोजिम सरकारी बाँकी सरह निजको घर घरानाबाट असुल उपर गर्ने प्रबन्ध गर्ने ।

उल्लेखित शर्तका अलावा निर्धारित स्थलबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्दा स्वीकृत EIA/IEE कार्यान्वयन , संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट पटक पटक भएका निर्देशन र जिल्ला अनुगमन तथा समन्वय समितिबाट भएका निर्णयहरुका आधारमा निम्न थप शर्तहरु समेत कायम गर्ने ।

<u>उत्खनन् गर्दा ठेकेदारले पालना गर्नु पर्ने शर्तहरु</u>

१. नदीजन्य पदार्थ उत्खनन गर्दा खटिएका प्राविधिकको प्रत्यक्ष निर्देशनमा हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गर्नु पर्ने छ । भारी यान्त्रीक उपकरण प्रयोग गर्न पाईने छैन ।

२. नदीजन्य पदार्थ उत्खनन्को समय विहान ७ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र कायम गरीएकोले सो पालना गर्नू पर्ने छ ।

३. तोकिएको अवधि र परिमाण भित्र ठेकेदारले उत्खनन् भएको परिमाण प्रमाणित गर्न जि.स.स.मा निवेदन दिनु पर्नेछ ।

४. उत्खनन् गरि सके पछि छनौट गरि छाडीएको काम नलाग्ने बस्तु जुन स्थानबाट निकालीएको हो सोही स्थलमा लगी छोड्नु पर्ने छ । उत्खनन् गर्दा नदीको धार नवदलिने गरी उत्खनन् गर्नु पर्ने छ ।

५. उत्खनन् कार्यमा खटिने प्राविधिक र ठेकेदारले आई.ई.ई. का शर्तका अलवा अनुगमन समितिले दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

६. उत्खनन् गर्दा **EIA/IEE** का सवै सर्त पालना गर्नुपर्ने छ ।

<u>तेकिएको स्थानबाट विक्री वितरण तथा ओसार पसार गर्दा ठेकेदारले पालना गर्नु पर्ने सम्बन्धि शर्तहरु</u>

१. तोकिएको स्थानबाट बिक्री वा ओसार पसार गर्ने एकमुस्ट आदेश प्राप्त गरे पछि ठेकेदारले जि.स.सले तोकेको नमुनाको पटके बिक्री आदेश बिजक संगै जारी गर्नु पर्ने छ । सो को अभिलेख तोकीएको ढाँचाको खातामा राखी पटके बिक्री आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरीज तयार गरी जि.स.सको वातावरण शाखामा साप्ताहिक रुपमा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ । खाता तथा पटके बिक्री आदेश जि.स.सबाट नमुना लिई ठेकेदारले आफै छपाई गर्नु पर्ने छ

२. तोकिएको स्थानबाट नदीजन्य पदार्थ ओसार पसार गर्ने समय विहान ७ बजे देखि साँझ ६ बजे सम्म मात्र कायम गरीएकोले अन्य समयमा गर्न पाईने छैन ।
३. तोकिएको स्थाानबाट नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी, साधनहरुमा १२० घ.फु. सम्मको ट्रेक्टर २७५ घ.फु. सम्मको ट्रक/टिप्पर र बयल गाडी मात्रको प्रयोग गर्न पाउने ।
४. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधी भर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।
५. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै ढाकेर लैजानु पर्ने छ र सवारीको गती समेत ४० कि.मी. प्रतीघण्टा भन्दा बढीमा हाक्न पाउने छैन ।
६. मूलबाटोबाट घाट तर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मरमत गर्ने र धुलो उड्न नदीन नियमित पानी छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्ने छ । सो वापतको खर्च रकम दावी गर्न पाईने छैन ।
७. नदी घाट वरीपरी रहेका स्थानीय नागरीकहरुको नदी संरक्षण तथा रेखदेख समिति गठन भै क्रियासील भएकाले नदी संरक्षणको कार्यमा संलग्न नदी संरक्षण समितिसंग ठेकेदारले समन्वय गर्नु पर्ने छ ।
८. उल्लेखित सबै व्यवस्थाहरु/शर्तहरु पालना गर्ने गराउने जिम्मेवारी ठेकेदारको हुने छ । कुनै पनि शर्त पालना नभएको पाईदा जिल्ला अनुगमन तथा समन्वय समितिको निर्णय बमोजिमको जरिवाना ठेकेदार बाटै असुल उपर गरिने छ ।
९. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट नदि जन्य पदार्थ उत्खनन् गरी विक्री वितरण गरेको पाईएमा सोको परिमाण यकिन गरी ठेकेदारबाट दोब्बर राजश्व असुली गरीने छ ।